# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

### ब्याग, डायरी, कलम, टर्चलाईट र छाता आपूर्ति गर्ने सम्बन्धी

### शिलवन्दी वोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७०/४/७**

यस बैंकको केन्द्रीय कार्यालयको लागि आवश्यक ब्याग, डायरी, कलम, टर्चलाईट र छाता आपूर्ति गर्न ईच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट वोलपत्र आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अपरान्ह ४.०० बजेसम्म वोलपत्र फाराम सामान्य सेवा बिभागको आन्तरिक प्रशासन फाँटबाट रु.७,०००।०० (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ । वोलपत्र आव्हानको सूचना प्रकाशित भएको ३१ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) मध्यान्ह १२.०० बजे भित्र सामान्य सेवा बिभागमा आई पुग्ने गरी पेश गर्न सकिनेछ । उक्त वोलपत्र सोही दिन अपरान्ह १.०० बजे खोलिनेछ । उपरोक्त बमोजिम खरिद गरिने उपरोक्त सामानहरुको कूल अनुमानित लागत रु.५०,००,०००।- (अक्षरेपि पचास लाख मात्र) कायम गरिएको छ ।

वोलपत्रदाताले वोलपत्रका साथ जमानत वापत आफूले कबोल गरेको रकमको पाँच प्रतिशतले हुने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं. ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकवाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको वोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा ९० दिनको मान्य अवधि भएको बैंक जमानतपत्र संलग्न हुनु पर्नेछ । वोलपत्रको मान्य अवधि वोलपत्र पेशगर्ने अन्तिम मितिले ६० दिनको हुनेछ । वोलपत्र सम्बन्धी अन्य शर्त तथा विवरणहरु वोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ । यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ । साथै, सो सम्वन्धमा मिति २०७०।४।२९ का दिन दिनको ३:०० वजे प्रि विड मिटिङ्ग हुने ब्यहोरा समेत सूचित गरिन्छ ।

सामान्य सेवा विभाग

आन्तरिक प्रशासन फाँट

# नेपाल राष्ट्र बैंक,
# केन्द्रीय कार्यालय
# सामान्य सेवा विभाग
## पांचौ परिवारिक वजेट सर्वेक्षणको लागि ब्याग, डायरी, कलम, टर्चलाईट र छाता खरिद गर्ने बारेको शिलवन्दी वोलपत्र प्रस्ताव

| | |
|---|---|
| वोलपत्र बिक्री गर्ने अन्तिम मिति र समय : | २०७०/५/४ गते ४.०० बजेसम्म । |
| शिलबन्दी वोलपत्र पेश गर्ने अन्तिम मिति र समय : | २०७०/५/७ गते १२.०० बजेसम्म । ✡ |
| शिलबन्दी वोलपत्र खोल्ने मिति र समय : | २०७०/५/७ गते १.०० बजे । |
| वोलपत्र पेश गर्नु पूर्वको वैठक : | २०७०/४/२९ गते ३.०० बजे । |

त्यस बैंकको केन्द्रीय कार्यालयको लागि यसै बोलपत्रसाथ संलग्न स्पेसिफिकेशन (नमूना) बमोजिम पांचौ परिवारिक वजेट सर्भेक्षणको लागि आवश्यक सामानहरु खरिद गर्ने सम्वन्धमा मिति २०७०/४/७ गतेको गोरखापत्र दैनिकमा प्रकाशित शिलवन्दी वोलपत्र सम्बन्धी सूचना र संलग्न फाराममा उल्लेखित शर्तहरुको अधिनमा रहने गरी यस फर्म/कम्पनीले बैंकलाई ब्याग, डायरी, कलम, टर्चलाईट र छाता उपलव्ध गराउन मञ्जुर गरी यो शिलवन्दी वोलपत्र फाराम पेश गरेका छौं ।

फर्म/कम्पनीको नाम :

ठेगाना :

फर्म/कम्पनीको तर्फबाट अख्तियारवालाको

दस्तखत (संचालक, प्रोप्राईटर वा संस्थाले

अख्तियारी दिएको व्यक्ति) :

पुरा नाम :

मिति :

फोन नं. :

मोवाईल नं :

फ्याक्स :

फर्मको छाप :

**<u>फर्निचर सामानहरु खरिद सम्बन्धी बोलपत्रका शर्तहरु</u>**

## १. बोलपत्रदातालाई निर्देशन

१.१ बोलपत्र फाराम खाममा राखी शिलबन्दी गरी उक्त शिलबन्दी खामको बाहिरपट्टी शीरमा “नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटारमा ब्याग, डायरी, कलम, टर्चलाईट र छाता आपूर्ति गर्ने बारे” भन्ने लेखी श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभागलाई सम्बोधन गरिएको हुनु पर्दछ ।

१.२ बोलपत्रदाताले दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै बोलपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा तथा दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षर समेतले खुलाई लेख्नु पर्नेछ । जम्मामा अंक र अक्षर नलेखिएको बोलपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा यथासंभव नबिराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । कथंकदाचित गल्ति भई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु वा मेट्नु हुदैन । गल्ति भएको अंक र अक्षर पढन सकिने गरी एउटा धर्साले काटी थप्न पर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप गरेको तथा काटेको ठाउमा समेत अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो बमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१.३ बैंकबाट खरिद गरेको सक्कलै बोलपत्र फाराम पेश गर्नु पर्नेछ । फोटोकपी गरी वा अन्य कुनै तरिकाले बोलपत्र बनाई पेश गरेमा बोलपत्र रद्द गरिनेछ ।

१.४ बोलपत्रका साथ बैकबाट बोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईएको रसिद अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

१.५ बोलपत्र फाराममा उल्लेख भएका शर्तहरु बाहेक बोलपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी बोलपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

१.६ फर्म वा कम्पनीको तर्फबाट बोलपत्र तथा सोसँग सम्बन्धित कागजातहरु पेश गर्दा फर्म वा कम्पनीको प्रोप्राइटर, संचालक वा अख्तियार प्राप्त व्यक्तिले बोलपत्र फारामका प्रत्येक पानामा तथा शिलवन्दी खाममा दस्तखत गरी आफ्नो कार्यालयको छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

१.७ बोलपत्र पेश गर्दा ब्याग, डायरी, कलम, टर्चलाईट र छाता उत्पादक कम्पनीले उपलव्ध गराउने सामनहरुको Accessories भएमा सो को विवरण र सम्बन्धित कागजात समेत साथै पेश गर्नु पर्नेछ ।

१.८ बोलपत्रको सर्वप्रथम पूर्णताको परीक्षण गरिनेछ । पूर्णताको परीक्षणमा सफल बोलपत्रहरुको मात्र आर्थिक पक्षको मूल्यांकन गरी बोलपत्र स्वीकृत वा अस्विकृत गरिनेछ ।

१.९ बोलपत्रको अन्तिम टुंगो नलागेसम्म उपरोक्त सामानहरुको थप घट माँग हुन आएमा उल्लेखित सामानहरुको आपूर्ति गर्नुपर्ने परिमाणमा बृद्धि वा कम हुन सक्नेछ ।

१.१० स्वीकृत बोलपत्रदाताले उल्लेखित सामानहरु बैंकलाई थप आवश्यक भएमा आ.व.२०७०/७१ अविधभरको लागि सोही मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

१.११ बोलपत्रदाताले मिति २०७०।४।२९ गते दिनको ३:०० वजे वोलपत्र पेश गर्नु पूर्वको वैठकमा सहभागी हुनसक्नेछन । यदि उक्त मिटिङ्गमा बोलपत्रको कुनै शर्तमा परिवर्तन भएमा सहभागी नभएका बोलपत्रदाताहरुले उक्त परिवर्तनलाई स्वीकार गरेको मानिनेछ ।

१.१२ बोलपत्रदाताहरुले उल्लेख भए बमोजिमका सामानहरु मध्ये सम्पुर्ण सामानहरुको मूल्य पेश गर्नु पर्नेछ ।

१.१३ बोलपत्रदाताहरुले बैंकले तोकेको लागत अनुसार नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ को विनियम ४८ को उप–विनियम (१) को खण्ड (ख) वमोजिम रु ७,०००।- दस्तुर तिरी बोलपत्र सम्वन्धी कागजातहरु खरिद गर्न सक्नेछन् ।

१.१४ बोलपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ६० दिनको हुनेछ ।

## २. <u>बोलपत्र खोल्ने मिति र स्थान</u>

२.१ प्राप्त बोलपत्रहरु बोलपत्र फाराममा उल्लेख भएको मिति, स्थान र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त बोलपत्र खोलिने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पुगेको मानिने छैन ।

२.२ बोलपत्र पेश गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा पर्न गएमा बिदा पश्चात् कार्यालय खुल्ने पहिलो दिनमा बोलपत्र बुझिने वा खोलिनेछ ।

## ३. <u>बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु</u>

३.१ बोलपत्रदाताले बोलपत्र प्रस्ताव शिलवन्दी खाममा राखी बैंकमा पेश गर्नु पर्नेछ ।

३.२ **बोलपत्र फारामका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ ।**

क. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र ।

ख. नविकरण भएको व्यवसाय दर्ताको ईजाजतपत्र ।

ग. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र ।

घ. आ.व.२०६८/६९ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित कागजात ।

ङ बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित घोषणा पत्र ।

४. **बोलपत्र र कार्य सम्पादन जमानत सम्बन्धी**

४.१ बोलपत्रदाताले बोलपत्रका साथ आफूले आपूर्ति गर्ने सामानको कवुल गरेको रकमको कम्तीमा पाँच प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।

४.२ ४.१ बमोजिमको बोलपत्र जमानतको मान्य अवधि कम्तीमा ९० दिनको हुनु पर्नेछ ।

४.३ प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताले आफूले कवोल गरेको रकमको दश प्रतिशतले हुन आउने रकम नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने ईजाजतपत्र प्राप्त बैंक तथा वित्तिय संस्थाले यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको १२० दिनको मान्य अवधि भएको कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।

४.४ बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले शर्त नं. ४.३ वमोजिम कार्यसम्पादन जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा बोलपत्र पेश गर्दा बोलपत्र जमानत वापत नगद जम्मा गरेको रहेछ भने नपुग हुन आएजति रकम मात्र जम्मा गरेमा समेत त्यस्तो कार्यसम्पादन जमानतलाई मान्यता दिइनेछ ।

४.५ बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले कार्यसम्पादन जमानत सहित सम्झौता गर्न आउने पत्र प्राप्त भएको मितिले पन्ध्र दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ ।

४.६ बोलपत्रदाताले पेश गरेको कार्यसम्पादन जमानत सम्झौतापत्र बमोजिम मात्र फुकुवा गरिनेछ ।

४.७ बैंकबाट स्वीकार नगरिएको बोलपत्रदाताको बोलपत्र जमानत स्वीकृत बोलपत्रदातासंग सम्झौता सम्पन्न भएपछि विना ब्याज फिर्ता गरिनेछ ।

## ५. बोलपत्र उपर कारवाही र मूल्याङ्कन सम्बन्धी

५.१ बैंकबाट प्रकाशित सूचना तथा यो बोलपत्रको शर्त नं. १, ३ र ४ मा उल्लिखित सबै कुराहरुको रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५.२ बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५.३ बोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । परिमाण र दर अनुसारको जम्मा मूल्य फरक परी बोलपत्र पेश हुन आएमा परिमाण र दर अनुसारको रकम बैंकले मिलान गरी कुल बोल अंक कायम गर्न सक्नेछ । त्यसै गरी कुल जम्मा रकममा गणितीय त्रुटी भएमा समेत त्यस्तो त्रुटीलाई बैंकबाट सच्याई मिलाउन सकिनेछ ।

५.४ रित पुगेका बोलपत्रहरुमध्ये सामान्यतया सबैभन्दा कम बोलअंक कबोल गर्ने बोलपत्रदाताहरुको बोलपत्र स्विकृत हुनेछ ।

५.५ बोलपत्र फारामको मूल्याङ्कन सम्बन्धी आधारहरु यसैसाथ संलग्न कागजात बमोजिम हुनेछ । उपरोक्त मूल्याङ्कनका आधारहरुमा उल्लेख भएका बुँदाहरुको आधारमा बोलपत्रको मूल्याङ्कन गरिनेछ ।

## ६. सामान बुझाउने र वारेन्टी अवधि

६.१ बोलपत्र स्वीकृत भएमा सम्झौता गरेको मितिले ६० दिनभित्रमा ब्याग, डायरी, कलम, टर्चलाईट र छाता बैकलाई बुझाईसक्नु पर्नेछ ।

६.२ वोलपत्रदाताले मनासिव कारण खुलाई नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ को विनियम ११० बमोजिम स्वीकृत खरिद सम्झौताको म्याद सकिनु कम्तिमा सात दिन अगावै अवधि थपको लागि निवेदन दिएमा र अवधि थप गर्न बैंकलाई उचित लागेको खण्डमा सामान बुझाउने अवधि थप गर्न सकिनेछ ।

६.३ तोकिएको समय (६.१ र ६.२) भित्र फर्निचर सामानहरु बुझाउन नसकेमा अवधि समाप्त भएको मितिले नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ को विनियम १११ बमोजिम कुल सम्झौता रकमको प्रतिदिन **०.०५** प्रतिशतका दरले हर्जाना लिई बैकले सामान बुझी लिन सक्नेछ । तर यस्तो हर्जाना रकम कुल सम्झौता रकमको **१०** प्रतिशत भन्दा बढी हुने छैन ।

६.४ सम्झौता रकमको १० प्रतिशतसम्म हर्जाना लाग्ने अवधि सम्ममा पनि ब्याग, डायरी, कलम, टर्चलाईट र छाता बैकलाई बुझाउन नसकेमा तत्पश्चात् सामान बुझ्ने वा नबुझ्ने अधिकार बैंकमा निहित हुनेछ ।

६.५ आपूर्तिकर्ताले आफूले आपूर्ति गर्ने ब्याग, डायरी, कलम, टर्चलाईट र छाता बैंकले तोकेको नमूना बमोजिम दिनु पर्नेछ ।

६.६ प्रस्तावित ब्याग, डायरी, कलम, टर्चलाईट र छाता विदेशबाट पैठारी गर्नु पर्ने अवस्थामा प्रतित-पत्र, क्लियरिङ्ग र फरवार्डिङ्ग सम्बन्धी आवश्यक सम्पूर्ण कार्य बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ । साथै, ब्याग, डायरी, कलम, टर्चलाईट र छाता डेलिभरी गर्दा सोसँग सम्बन्धित कागजात लगायत 'सर्टिफिकेट अफ ओरिजिन' अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## ७. भुक्तानी सम्बन्धी व्यवस्था

७.१ स्वीकृत बोलपत्रदाताबाट आपूर्ति गर्ने सामानहरुको विलको भुक्तानी एकाउन्टपेयी चेकबाट सम्झौता अनुसार गरिनेछ । अग्रिम वा आशिंक रुपमा भुक्तानी गरिने छैन ।

७.२ बोलपत्र फाराममा उल्लेखित मूल्यमा बैंकलाई सामान आपूर्ति गर्दाको अन्तिम मूल्य (मू.अ.कर सहित) हुनु पर्नेछ र बोलपत्रको प्रयोजन समाप्त नहुन्जेल मूल्यमा बृद्धि गर्न पाइने छैन । बोल रकम नेपाली रुपैयाँमा उल्लेख गर्नु पर्नेछ । विदेशी मुद्रामा उल्लेखित बोल रकमलाई मान्यता दिइने छैन ।

७.३ कार्यादेश बमोजिम ब्याग, डायरी, कलम, टर्चलाईट र छाता बैंकलाई बुझाई सके पछि उक्त सामानहरु बैंकले तोकेको नमूना वमोजिम रहेमा मात्र विलको भुक्तानी गरिनेछ ।

८. **कारवाही सम्बन्धी व्यबस्था**

८.१ बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले बोलपत्र वमोजिमको कार्य गर्न, कार्यादेश बुझ्न नआएमा वा कार्य गर्ने सम्वन्धी सम्झौता गर्न नआएमा शर्त नं. ४.१ अनुसार पेश भएको बोलपत्र जमानत वा सम्झौता अनुसारको कार्य नगरेमा निजले राखेको शर्त नं.४.३ अनुसारको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाही अगाडि वढाईनेछ ।

८.२ शर्त नं. ७.३ वमोजिमका ब्याग, डायरी, कलम, टर्चलाईट र छाताको निरीक्षण गर्दा नमूना बमोजिम भएको नपाइएमा त्यस्ता सामानहरु बैंकले बुझ्ी लिने छैन र सम्झौता भंग गरी बैंकमा रहेको कार्यसम्पादन जमानत ( परफरमेन्स वण्ड) जफत गर्न सक्नेछ ।

९. **बिबिध व्यवस्था**

९.१ प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । यो रकम बोलपत्रदाताले भुक्तानी पाउने रकमबाट कट्टा गरी बैंकबाट सम्बन्धित सरकारी खातामा जम्मा गरिनेछ ।

९.२ बोलपत्रमा कारणवस कुनै पनि किसिमको गल्ति हुन गएको खण्डमा त्यस्तो गल्तिको फाइदा बोलपत्रदाताले लिन पाउने छैन । कथंकदाचित् कुनै बोलपत्रदाताले त्यस्तो गल्ति भएको भेट्टाएमा सोको लिखित जानकारी बैंकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी बैंकमा प्राप्त हुन आई बैंकले आवश्यक देखेमा आवश्यक संशोधन गरी सबै बोलपत्रदातालाई सूचना गर्नेछ ।

९.३ बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र प्रस्ताव फिर्ता लिन चाहेमा सो सम्बन्धी निवेदन खाममा शिलबन्दी गरी त्यस्तो खामको बाहिरी भागमा बोलपत्रको बिषय र बोलपत्र माग गर्ने कार्यालयको नाम लेखी बोलपत्र पेश गर्ने अन्तिम समय भित्रै सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

९.४ बोलपत्र सम्वन्धी कुनै विवाद परेमा सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक, खर्च व्यवस्था विनियमावली, २०६४ वमोजिम विवादको सामाधान हुनेछ ।

**नेपाल राष्ट्र बैंक**
**सामान्य सेवा विभाग**

**वालुवाटार, काठमाण्डौं**

✡ *मिति २०७०।५।५ र ६ गते सार्वजनिक विदा परेकोले ७ गते वोलपत्र पेश गर्ने खोल्ने दिन राखिएको ।*

नेपाल राष्ट्र बैंक

सामान्य सेवा विभाग

पांचौ परिवारिक वजेट सर्भेक्षणको लागि ब्याग, डायरी र कलम खरिद गर्ने वारेको आ

| s.no. | Discription | Quantity | Rate/Unit (Excluding VAT) | Rate/Unit (Including VAT) | Total Cost (Including VAT) | |
|---|---|---|---|---|---|---|
| 1 | Bag (ब्याग नमुना अनुसारको) | 8500 | | | | |
| 2 | Diary (डायरी नमुना अनुसारको) | 8500 | | | | |
| 3 | Pen (कलम नमुना अनुसारको) | 8500 | | | | |
| 4 | टर्चलाईट (नमुना अनुसारको) | 40 | | | | |
| 5 | छाता (नमुना अनुसारको) | 40 | | | | |
| | Total | 25580 | | | | |

फर्मको नाम :

फर्मको छाप :

दस्तखत :

मिति :

# घोषणा पत्र

तपसिलमा दस्तखत भएको म/हामी यो घोषणा गर्छु/गर्दछौ कि वोलपत्रको शर्तमा उल्लेख भए वमोजिम खरिद कारवाहीमा हालसम्म भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय हालसम्म नपाएको लिखित स्वघोषणा ब्यक्त गर्दछु/गर्दछौं ।

फर्मको नाम, ठेगाना :

फर्मको छाप :

नाम :

पद :

दस्तखत :

मिति :

फोन नं. / मोबाईल नं.